तानसेन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

फोन नं. ०७५- ५२०१०९, ५२०९०९, ५२०१२१, ५२०८९३


पत्र संख्या :

च.नं.

मिति: २०७८।११।०२

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

**पारिवारिक लगत कार्ड (Family Card) सम्वन्धमा अनुरोध**

आदरणीय नगरवासी आमावुवा, दाजुभाई तथा दिदी वहिनिहरु !

तानसेन नगरपालिकाले नगरपालिका भित्र वसोवास गर्ने सम्पुर्ण नागरिकहरुको लगत समावेश गरी QR कोड सहितको पारिवारिक लगत कार्ड वितरणको शुभारम्भ गरेको छ । सूचना प्रविधिको वढ्दो प्रयोग सँगै राज्यका विभिन्न निकायले प्रदान गर्ने सेवाहरु अनलाईन प्रणाली मार्फत हुने गरेको विदितै छ, यसै अनुरुप तानसेन नगरपालिकाले आफ्नो सेवालाई प्रविधिमैत्री र सेवाग्राही मैत्री वनाउने महत्वपुर्ण कदमको रुपमा पारिवारिक लगत कार्ड वितरणलाई लिएको छ । नगरकार्यपालिका कार्यालय र मातहतका वडा कार्यालयहरुवाट लिने सेवालाई थप सरल, सहज र प्रभावकारी वनाउन पारिवारिक लगत कार्डले टेवा पुर्‍याउनेछ भन्ने अपेक्षा राखेको छु । भविष्यमा नगरपालिकावाट प्रवाह हुने सबै प्रकारका सेवा सुविधाहरु जस्तै जन्म मृत्यु लगायतका व्यक्तिगत घटना दर्ता, नागरिकता सिफारिस, नाता प्रमाणित जस्ता सेवा प्राप्त गर्नको लागि पनि पारिवारिक लगत कार्डलाई मुख्य आधारको रुपमा प्रयोग गरिने भएकोले सम्पुर्ण नगरवासिलाई यस कार्यक्रममा समावेश भई पारिवारिक लगत कार्ड लिनुहुन अनुरोध गर्दछु ।

..............................

अशोक कुमार शाही

नगर प्रमुख

नगर प्रमुख

Scanned with CamScanner